हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

विचार | सार्वजनिक खरिदमा सुधार | नामिबियासँग नेपाल पुनः पर

१२३ | अङ्क २८९ | २०८० साल फागुन १६ गते बुधवार | फाल्गुण कृष्ण चतुर्थी | नेपाल संवत् ११४४ सिल्लागा ४ | 2024 February 28 Wednesday | पृष्ठ : १२+४+४+२ | मूल्य : दस रुपिय

**नेपाल सरकार**

## अर्थ मन्त्रालय

# नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा नियुक्तिको लागि गठित सिफारिस समितिको पदपूर्तिसम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/११/१६)**

नेपाल धितोपत्र बोर्डको रिक्त अध्यक्ष पदमा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (मिति २०८०/११/३०) भित्र कार्यालय समयमा अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार, काठमाडौंमा गोप्य खामवन्दी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. आवश्यक योग्यता तथा अनुभवः**

(अ) धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७ को उपदफा (२) बमोजिम मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी धितोपत्र बजार व्यवस्थापन, पूँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानून क्षेत्रमा कम्तीमा सात वर्ष काम गरेका लब्ध प्रतिष्ठित व्यक्ति ।

(आ) धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १० बमोजिम देहायको योग्यता भएको:

(क) नेपालको नागरिक भएको,

(ख) उच्च नैतिक चरित्र भएको,

(ग) धितोपत्र बजार व्यवस्थापन, पूँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानून क्षेत्रमा कम्तीमा सात वर्षको पेशागत अनुभव हासिल गरेको, र

(घ) सोही ऐनको दफा ११ बमोजिम अयोग्य नभएको ।

(इ) अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयनसम्बन्धी मापदण्ड, २०७३ (संशोधन सहित) ले तोके बमोजिम तीस वर्ष उमेर पूरा भई पैंसट्ठी वर्ष उमेर ननाघेको, तथा देहायको अयोग्यता नरहेको:

(क) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषध कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(ख) प्रचलित कानून बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(ग) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(घ) मानसिक सन्तुलन ठीक नभएको ।

**२. आवेदन पेश गर्ने प्रक्रिया तथा संलग्न गर्नुपर्ने कागजातः**

(अ) आवेदनसाथ अर्थ मन्त्रालयको वेबसाइट **www.mof.gov.np** मा प्रकाशित "नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा नियुक्तिको लागि सिफारिससम्बन्धी कार्यविधि, २०८०" को दफा ३ बमोजिमको कागजात तथा विवरणहरू आवेदक स्वयम्ले प्रमाणित गरी २ प्रति पासपोर्ट साइजको फोटो समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

(आ) आवेदनसाथ उपर्युक्त कार्यविधिको दफा ५ बमोजिमको व्यावसायिक कार्ययोजना चार प्रति खामवन्दी गरी पेश गर्नु पर्नेछ । खामवन्दी प्रस्तावको खामबाहिर आवेदकको नाम र "नेपाल धितोपत्र बोर्डको अध्यक्षका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना" उल्लेख गरी दस्तखत गरेको हुनु पर्नेछ ।

**३. दस्तुरः**

आवेदन दस्तुर बापत अर्थ मन्त्रालयको कार्यालय कोड नं. ३०५००३५०१, राजस्व खाताः १०००१००२०००१०००० तथा राजस्व शीर्षकः १४२२४ मा जम्मा हुने गरी राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरबार शाखामा रु. ५,०००/- (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

**४. पारिश्रमिकः**

अध्यक्षले पाउने मासिक पारिश्रमिक, भत्ता तथा अन्य सुविधा नेपाल सरकारको स्वीकृतिमा नेपाल धितोपत्र बोर्डले तोके बमोजिम हुनेछ ।

**५. अन्य विवरणः**

(अ) आवेदन तथा सिफारिस प्रक्रिया सम्बन्धी विस्तृत विवरण अर्थ मन्त्रालयको वेबसाइट **www.mof.gov.np** मा प्रकाशित "नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा नियुक्तिको लागि सिफारिससम्बन्धी कार्यविधि, २०८०" मा उपलब्ध रहेको छ ।

(आ) यो सूचना बमोजिम प्राप्त भएका आवेदनलाई सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

(इ) कुनै आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेमा त्यस्तो आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(ई) यस सम्बन्धी थप जानकारीका लागि अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार वा टेलिफोन नं. ४२११३६८ मा सम्पर्क गर्न सकिनेछ ।